निजि वितरणको लागि मात्र

ECHOES NEPAL

# श्री राम चन्द्र मिशन ®

जुलाई २०१४ खण्ड ३, अंक ३



## मणपाक्कमबाट समाचार

### मे २०१४

**भण्डारा पश्चात :** मालिकले उदास भएर उल्लेख गर्नुभयो अब जब भण्डारा समाप्त भएकोछ अभ्यासीहरू आश्रम छोडेर जान सुरु गर्दछन् र यो स्थान सुन्य हुन जान्छ । यो भण्डारा विशेष रुपको थियो किनभने मालिकले तीन दिन विहानको सत्सङ्ग संचालन गर्नुभएको थियो । उहाँको स्वास्थ राम्रो थियो र जब सम्भव हुन्थ्यो उहाँको विभिन्न सत्रहरूमा र छलफलहरूमा भागलिनु हुन्थ्यो । ३ मे, शनिबारको दिन विहान मालिकले आफ्नो विहानको खाजा पछि थुप्रै मानिसहरू भेटनुभयो र उनीहरूलाई सिटिङ्ग दिने ईच्छा गर्नुभयो । उहाँ कसलाई भित्र बोलाउने भन्ने विषयमा स्पष्ट नै हुनुहुन्थ्यो र बाँकीलाई उहाँले बाहिर वस्न भन्नुभयो र एउटा लामो सिटिङ्ग दिनुभयो । त्यसपछि उहाँले विहान आफ्नो कार्यालयमा अभ्यासीहरूको एउटा समुहसित कुराकानी गरेर बिताउनु भयो ।

**नयाँ गोल्फ कार्ट :** नयाँ गोल्फ कार्ट : एउटा नयाँ छुट्टाउन मिल्ने र इलेक्ट्रोनिकले चल्ने कुर्सी भएको नयाँ गोल्फ कार्ट मालिकको लागि ल्याइएको छ । जसले कुर्सीलाई मालिक सहित उठाउँदछ र उहाँलाई ठिक ठाउँमा पुऱ्याउँदछ । मालिक यो नयाँ गोल्फ कार्टमा वरिपरि घुम्न निस्किनु भयो र त्यो प्रविधि देखेर अत्यन्त प्रभावित हुनुभयो । यसले उहाँलाई गोल्फ कार्टबाट बाहिर निस्किन र पस्न सजिलो हुन गयो अब उहाँ अझ बढी गोल्फ कार्टमा वरिपरि घुम्न निस्किन ईच्छुक हुनुहुन्छ ।

उहाँको नाति भार्गव शहरमा नै भएकोले मालिकले उनी र परिवार सित केही समय विताउनु भयो र उहाँ विश्राम गर्न जानु भएन उहाँ कुराकानी गरिरहनुभएको थियो, त्यसपछि वेलुकी ५:३० मा उहाँ आफ्नो नयाँ गोल्फ कार्टमा घुम्न निस्किनु भयो र भार्गवले उहाँको लागि गोल्फ कार्ट चलाइरहनु भएको थियो ।

केही दिनहरूमा मालिक आफ्नो दिनचर्यामै फर्किनु भएकोछ । विहानको ५:०० वजे आफ्नो ध्यानको लागि जागा हुने, उहाँको लागि अखबारहरू पढिदिने काम गराउने, विहानको खाजा खाने र इमेलहरू हेर्ने । उहाँ भारतमा चलिरहेको चुनावी प्रक्रियालाई चाख लिएर हेरिरहनुभएको छ । जब उहाँ समाचार हेर्नुहुन्छ, उहाँ पूर्णरूपमा नै मौन रहनुहुन्छ र भइरहेको सबैकुरालाई ध्यानले हेर्नुहुन्छ । उहाँ विशेष गरेर चुनावको नतिजाको अनुमान र प्रतिकृया दिनेहरूको विचार ध्यान दिएर सुन्नुहुन्छ ।

**गुरुभाईका परिवारहरूको भ्रमण :** वाबुजीका गुरुभाई मध्येका एकजनाको परिवार मालिकलाई भेटन् आउनुभएको थियो । मालिक अत्यन्त थकित हुनुभएता पनि उहाँले तिनीहरूलाई भेटनुभयो र सबैलाई सिटिङ्ग दिनुभयो, यद्यपि त्यो समय उहाँको आरामको समय थियो ।

मालिक महादेव, महाभारत, बुद्धको टि.भी, श्रृंखला हेर्ने गरिर हनुभएको छ । उहाँले एक पटक भन्दा बढि पटक यो भन्नुभएको छ कि यी श्रृंखलाहरूबाट धेरै कुराहरू सिक्नुभएको छ । केही अभ्यासीहरू जो उहाँसितै बसेर हेर्दछन् उनीहरू हिन्दी बुझ्दैनन् त्यसैले मालिक श्रृंखला चल्दाचल्दै उनीहरूको लागि अनुवाद र व्याख्या गरिदिनुहुन्छ ।






१९ मे, को दिन विहानको करिब १०:३० वजे तिर एउटा शपिङ्ग मलमा जानुभयो । उहाँ त्यहाँ धेरै समयसम्म बस्नुभयो र रेष्टुरेन्टमा मध्यान्हको २:०० वजे मात्रै पुग्नुभयो । उहाँले करिब पन्द्रह जना अभ्यासीसित दिउँसोको खाना खानुभयो । यद्यपि मालिकले धेरै थोरै खानुभयो तथापि यो निश्चित गर्नुभयो कि अभ्यासीहरू सबैले पर्याप्तरूपमा खानाको आदेश गरे । उहाँ पूर्ण अतिथ्यकर्ता हुनुहुन्छ । दुर्भाग्य यस यात्राले उहाँलाई अत्यन्त थकित वनायो र उहाँको शरीरमा पीडा भयो । अर्को दुईदिनसम्म उहाँलाई ज्वरो आयो र चिकित्सकहरूले केही उपचार गरे । केही दिन भित्रै उहाँ स्वस्थ हुन थाल्नुभयो ।

**शिक्षा आर्जन -** एउटा निरन्तर प्रकृया : २३ मे, को दिन मालिकले केही अभ्यासीहरूको लागि सिटिङ्गमा वोलाउनुभएको थियो । सिटिङ्ग पश्चात मालिकले भन्नुभयो कि उहाँ फेरी रसियन भाषा सिक्न ईच्छुक हुनुहुन्छ । उहाँले ब्रदर अलेक्सिलाई आएर उहाँको लागि केही पाठकहरू रेकर्ड गरिदिनु भन्नुभयो ता कि उहाँले यो पछि सुन्न सक्नुहोस् । मालिकले भन्नुभयो "म आफ्नो पाठ आफै बनाउँदछु, तिनीहरूका रेकर्ड गर्दछु र पछि सुन्नेछु र सिक्नेछु ।"

२४ मे २०१४ शनिवार: करिब ६० जना अभ्यासीहरू पुडुचेरीबाट सप्ताहान्तको लागि मणपाक्कम आएका थिए । करिब ६:०० वजे वेलुकी मालिक कटेज बाहिर बस्नुभयो र करिब ४५ मिनेट ति अभ्यासीहरूसित विताउनु भयो

२५ मे, शनिवार सिष्टर प्रिया र ब्रदर कृष्णको विवाहको बार्षिकोत्सव थियो मालिक उठनुहुने वित्तिकै प्रसाद अर्पण गर्नुभयो र सबैलाई दिनुभयो । सात वजे विहान त्यहाँ उपस्थित सबैलाई सिटिङ्ग दिनुभयो । अस्पताल जानुभयो किनभने उसै उतार चढाव भइरहेको स्वास्थको कारण केही चिन्ता थियो । नतिजा ठिक देखियो । मालिकले नरेन्द्र मोदिले भारतको प्रधानमन्त्रीको रूपमा सपथ लिएको कार्यक्रम हेर्नुभयो ।

सोमबार, २६ मे, मालिक स्वास्थ परिक्षणको लागि MIOT अस्पताल जानुभयो जबकि उहाँको अस्थिर स्वास्थ बारे केहि चिन्ता थियो । नतिजा ठिकै निस्कियो । मालिकले नरेन्द्र मोदिले भारतको प्रधानमन्त्रि पदको लागि लिएको सपथग्रहण समारोह हेर्नुभयो ।

**लालाजी मेमोरियल ओमेगा इन्टरनेशनल स्कूलः** CBSE का दश र वाह्र दुवै कक्षाका नतिजाहरू प्रकाशित भएर ओमेगा स्कूलको सतप्रतिशत नै उतिर्ण भएको नतिजा प्राप्त गर्‍यौ । दश कक्षाका १४२ जना विद्यार्थीहरू CBSE परीक्षामा सहभागी भएका थिए र सबै जना उतिर्ण भए, त्यसमा दश जना मध्ये नौ जना विद्यार्थीले CGPA (Cumulative Grate Point Average) प्राप्त गरे । मालिक अत्यन्त खुशी हुनुभयो र यो कुरा सबैलाई सुनाइरहनु भएको थियो ।




"समझनाले एउटा प्रेमीलाई प्रियतमको नजिकै ल्याउँदछ । यस निकटताको कुनै सीमा छैन् । जति बढी प्रेम वा स्नेह हुन्छ, त्यतिकै बढी एउटा व्यक्ति उहाँ प्रति बढदछ । यो प्रेम हामीलाई वंशानुगत नै आँउदछ । अब यो हामीमा नै छ कि हामी यसलाई जति सक्दो बढी उहाँ प्रति निकटता बढाउँन सकौं ।"

वाबुजी महाराज, राम चन्द्रको सम्पुर्ण कृति भाग-१, परिच्छेद "नियम-२"

**केरला प्रशिक्षक सेमिनार, मे ३०, ३१ र जुन १, २०१४**

केरलाबाट करिव ६५ जना प्रशिक्षकहरू यो सेमिनारमा भागलिन जम्मा भएका थिए । पहिलो दिन ब्रदर कमलेशले समुहलाई सम्बोधन गर्नुभयो । सबै दिनहरूमा प्रशिक्षकहरू लाई विभिन्न सत्रहरूको व्यवस्था गरिएको थियो त्यसमा एक अर्कालाई सिटिङ्ग दिने पनि कार्यक्रम थियो । ति सत्रहरूमा मालिकका उदाहरणहरूमा मनन् गर्ने र त्यसपछि तिनीहरूमाथी छलफल विचार आदान प्रदान गरिन्थ्यो, ब्रदर राजेश राठौडको एउटा प्रश्न उत्तर र सेवाको विषयमा सत्र थियो । यस सत्रले आफुस्वंको अवलोकन गर्ने कुरा जोड दिइएको तथा यस्तो गर्दा वार्तालाप गर्दा त्यसको सिद्धान्त र सुन्ने र सेवा गर्दा सहनशिलतामा ध्यान दिनु पर्ने कुरामा जोड दिइएको थियो । छानामाथीको वगैंचा यस सत्रको क्रियाकलापको लागि व्यवस्था गरिएको थियो । सबै प्रशिक्षणहरूले मिलेर पुस्तकालय भवनको माथीको वार्दलीमा एउटा तरकारीको वगैंचा वनाए । ३१ मे को दिन मालिकले सबै प्रशिक्षकलाई भेटनुभयो र सिटिङ्ग दिनुभयो । यो सेमिनार आईतवारको दिन भिडियोको दुईवटा सत्रबाट समाप्त भयो - एउटा ब्रदर कमलेशको स-साना तर उपयुक्त कुराहरू गरेर केन्द्रलाई सक्रिय वनाउन सकिन्छ भन्ने विषयमा र अर्को परिस्कृत गर्ने विषयमा मालिकको वार्ता थियो ।

**ओमेगा अलमुनाईको तेस्रो बैठक थियो,**

**जुन ९-१४, २०१४**

सेमिनार जुन ९ को दिन ब्रदर कमलेशले दिनुभएको सिटिङ्गबाट सुरुआत भयो । त्यसको लगतै पछाडि उनीहरू सेमिनारहलमा जम्मा भए र त्यहाँ ब्रदर कमलेशले सम्बोधन गर्नुभयो जुन छोटो तर अत्यन्त ज्ञानबर्द्धक थियो । त्यसपछिका दिनहरू वार्ताहरू, विभिन्न आगन्तुक अभ्यासीहरूसितको सत्रहरूमा विभाजित थिए । केही मात्रामा स्वयं सेवाहरू गर्न लागिएको संस्कृतिक कार्यक्रम र निश्चय नै ध्यान र अभ्यासमा पनि विभक्त भएका थिए । त्यहाँ भएका सत्र तथा सेमिनारहरू रमाईला र उन्नत थिए जीवन र जीवन मूल्यका विभिन्न पक्षलाई स्पर्श गर्ने किसिमका थिए । १२ तारिखको दिन तिनीहरूले कटेजमा मालिकबाट सिटिङ्ग प्राप्त गरे । उहाँले एउटा सानो वार्ता दिनुभयो जसमा उहाँले १४ जुनलाई ओमेगा अलमुनाई दिवस भनेर घोषणा गर्नुभयो । १४ तारिखको दिन तिनीहरूले LMOIS को भ्रमण गरे तथा आफ्नो शिक्षक तथा वार्डेनहरूसित अत्यन्त रमाईलो अन्तरक्रिया गरे र



आफुभन्दा पछिका विद्यार्थीलाई उत्साह प्रदानगरे । कार्यक्रमको अन्तिम चरणमा आश्रम फर्किएपछि एउटा सांस्कृतिक कार्यक्रम सुरु भयो । यसमा सबैले राम्रोसित कार्य गरे र एक पटक फेरी सबैले मालिकलाई भेट्ने मौका प्राप्त गरे र उहाँसित एउटा समुह फोटो खिचाए । सहभागीहरूले कार्य अत्यन्त सन्तोषजनक र अविस्मरणीय रहेको महसुस गरे ।

**नयाँ प्रशिक्षक तैयार गर्ने सेमिनार,**

**मे ३१ देखि जुन १४, २०१४**

भारतबाट आएका करिब सत्ताईस जना प्रशिक्षक हुने उमेदवारहरू आफ्नो तयारी प्रकृयाको भागको रूपमा मणपाक्कममा दुई हप्ताको गहीरो कार्यक्रममा सहभागि भए । प्रारम्भिक सिटिङ्गहरू वाहेक तिनीहरूको लागि विहानको सत्रमा कार्यशाला आयोजना गरिएको थियो तथा साँझको सत्रमा तिनीहरूलाई मालिक र ब्रदर कमलेशको छानिएका भिडियोहरू देखाइएको थियो । र त्यसपछि ति विषयमा सहभागिहरूलाई गहीरो रूपमा जानकारी गराउन छलफलहरू आयोजना गरिन्थ्यो । सहभागीहरूले समुहगत रूपमा सत्यको उदय (Reality at Dawn) पुस्तकका केही परिच्छेदहरूबारेमा छलफल गरे तथा यसलाई प्रस्तुत गरे । दुई वटा सत्रहरू सेवाको लागि छुट्याईएको थियो जसमा तिनीहरूले बगैंचाको काम र सम्याउने काम गरे । सेमिनारको अन्त्यतिर सहभागीहरू ब्रदर कमलेशसित चाँदनी रातमा रात्रीभोजमा सहभागी भए ।

## जानकारी

पश्चिम वंगालाको खड्गपुरमा भएको सुविधाहरू जसले अहिलेसम्म CREST को रूपमा सेवा गरिरहेकोछ अब देखि Retreat Centre को हुनेछ । अहिलेसम्म केरलाको मलमपुजा र महाराष्ट्रको पूणेमा रहिरहेको दुई Retreat Center मा यो थप हुनेछ । खडगपुरको यो Retreat Center वा देशको उत्तर पूर्वी भागका अभ्यासीहरूको आवश्यकता लाई पूरा गर्नेछ । CREST ले वैंगलोरमा अनुसन्धान, शिक्षा, साधना र प्रशिक्षणहरूको आफ्नो गतिविधि जारी नै राख्नेछ ।

# गाङ्गटोक आश्रम, सिक्किम

## प्रकाशको केन्द्र



गाङ्गटोक सानो पहाडि राज्य सिक्किमको राजधानी हो जुन पूर्वी हिमालयको कँचनजङ्गाको काखमा अवस्थित छ । सिकिम्म राज्य तीनवटा अन्तराष्ट्रिय सीमाहरूद्वारा घेरिएको छ - पश्चिम नेपाल, उत्तर तिव्वत र पूर्व सिमानामा भुटान । यो राज्य छिटो वग्ने नदि नाला, धेरै उचाईमा रहेका तालहरू हिम नदीहरू जङ्गलहरूको रूपमा चिन्हिन्छ, प्रकृतिले प्रदान गरेको विविधताले पूर्ण राज्य ।

गाङ्गटोक केन्द्र नवेम्बर २००५ मा सुरु भएको हो जब आइतवारको सत्सङ्ग एक जना अभ्यासीको घरमा हुने गर्दथियो । सिक्किमले आर्शिवाद २००९ मा प्राप्त गऱ्यो जब मालिकले त्यस राज्यको भ्रमण गर्नुभयो । उहाँ मंगलमय तीन दिनसम्म त्यहाँ बस्नुभयो र त्यहाँ गएकोमा उहाँ अत्यन्त खुसी हुनुभयो । यही भ्रमणको समयमा त्यहाँ आश्रम बनाउने कुराले जरा गाडयो ।

सन् २०११ मा सिक्किम सरकारले ०.३३ एकड जमीनको टुक्रा मिशनलाई दिने निर्णय गऱ्यो । यो जग्गा गाङ्गटोक शहर मुल केन्द्रमा नै अवस्थित छ । मालिकले त्यस स्थानमा आश्रम निर्माण गर्ने स्वीकृति दिनुभयो । १२ सेप्टेम्बर २०१२ मा त्यहाँ पुग्ने बाटो र पर्खालहरूको निर्माण शुरु भयो । प्रकृतिले मानिसको ईच्छाशक्ति र विश्वासको जाँच गर्दछ, वा सेप्टेम्बर २०१२ को दिन अर्थात निर्माण कार्य शुरु भएको छ दिन पश्चात सिक्किममा भुकम्पले धक्का दियो । यसले निर्माणका पूर्व आवश्यकताहरूमा परिवर्तन गर्नुपर्ने आवश्यकता आयो ताकि आश्रमलाई भूकम्प प्रतिरोधक बनाउन सकियोस र निर्माण कार्य मार्च २०१२ मा सुरु भयो । भिरालो भू-वनौट, वाक्लो वर्षाद आदि समस्याहरू मालिकको कृपाबाट पार भयो । भवनको वाह्रय बनौट मालिकको निर्देशन अनुसार त्यहाँको वाह्रय प्रकृतिसित मिल्ने गरी बनाईयो । यद्यपि आश्रम सानो जग्गामा बनाईएको छ, तथापि यसमा सबै सुविधाहरू छन् - २०० जनाको क्षमता भएको ध्यान हल, अध्यक्षको कार्यालय, खाना खाने हल, भण्डार सहितको भान्सा, आश्रम म्यानेजरको कोठा, केटाकेटीको कक्ष, सौचालय तथा एक पटकमा वीस जना बस्न सक्ने कोठाहरू छन् ।

यो स्थान आश्रमको दुवै तिर ताजा पानीको छहरा तथा उत्तर पश्चिम तर्फको मनोहर दृश्य देखिने गरी अवस्थित छ ।

यो आश्रमको उद्घाटन जुलाई २०१३ गुरु पूर्णिमाको दिन मालिकले चेन्नाईबाट गर्नुभयो । गाङ्गटोक अभ्यासीहरू त्यहाँ आश्रमको डि. भि. डि. सहित उपस्थित थिए । उद्घाटन पछि उहँले भन्नुभयो "म यो स्थान भ्रमण गर्न चाहन्छु, कमलेश, यदि वाबुजीले अनुमति दिनुहुन्छ भने ............ ।"







To download or subscribe to this newsletter, please visit http://www.sahajmarg.org/newsletter/india For feedback, suggestions and news articles please send email to in.newsletter@srcm.org
© 2014 Shri Ram Chandra Mission ("SRCM"). All rights reserved. "Shri Ram Chandra Mission", "Sahaj Marg", "SRCM", "Constant Remembrance" and the Mission's Emblem are registered Trademarks of Shri Ram Chandra Mission.This Newsletter is intended exclusively for the members of SRCM. The views expressed in the various articles are provided by various volunteers and are not necessarily those of SRCM.